Rupantaran: A Multidisciplinary Journal
Vol. IX: PP 144-159, January, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v9i01.73510
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# सङ्कटमा जातीय पहिचानः पूर्वी नेपालमा बसोबास गर्ने याक्खा जातिको अध्ययन

टीकाराम लिंखा[1]
इमेल: *tika.linkha@gmail.com*

**लेखसार**

नेपालमा परापूर्वकालबाट नै आफ्नो छुट्टै भाषा, संस्कार, संस्कृति र ऐतिहासिक थातथलो समेत किटान भएको याक्खा जातिको बारेमा हालसम्म पनि धेरै प्राज्ञिक व्यक्तित्व लगायत अनुसन्धानकर्ताहरूमा जानकारी कममात्रै भएको अवस्थामा नेपालभित्रै रहेको याक्खा जातिको बारेमा सबैलाई जानकारी दिने उद्देश्यले यो लेख तयार गरिएको छ। योसँगै यस लेखमा याक्खा जातिको परिचय तथा ऐतिहासिक पृष्ठभूमिको खोजि गर्ने र याक्खा जाति कसरी सिमान्तकृत बनिरहेका छन् भन्ने उल्लेख गरिएको छ। यो लेख तयार गर्ने क्रममा हालसम्म प्राप्त याक्खा जाति र किरात समुदायको बारेमा गरिएका लेख तथा प्राचीन दस्तावेज र अन्य प्रकाशनहरूको मिहिन विश्लेषण गरी वर्णनात्मक रूपमा रूपमा यहाँ प्रस्तुत गरिएको छ। विभिन्न ऐतिहासिक दस्तावेजको अध्ययनबाट याक्खा जातिको आफ्नै विशिष्ट प्राचिन ईतिहाँस रहेको, आफ्नै भौगोलिक क्षेत्र भएको, संस्कार, संस्कृति तथा भाषा रहेको यद्यपि यस जातिको बारेमा अध्ययन र अनुसन्धानमा कममात्र ध्यान गएकाले यो जातिको चिनारी तथा पहिचान स्थापनामा चुनौती देखिएका छन्।

*मुख्य शब्दावली* : याक्खा, थुम, जाति, आदिवासी/जनजाति, सङ्कट, पहिचान

## परिचय

जातीय अस्तित्व र पहिचान स्थापनाका लागि स्वयं जाति वा समुदायको महत्वपूर्ण भूमिका रहन्छ। आफ्नो समुदायको पहिचान र अस्तित्वमा जातीय संस्कार र संस्कृति महत्वपूर्ण पक्षहरू हुन्। हरेक जातिको संस्कार र संस्कृतिहरू नै उक्त जातिको परिचय तथा चिनारी हुन्। संस्कार र संस्कृतिलाई स्वंय समुदायले नियमित प्रयोग गरिरहेमामात्रै जीवित रहन्छ। हाल आएर याक्खा जातिमा रहेका केही प्राचीन संस्कार र सस्कृतिहरू लोप हुँदै गईरहेको अवस्थामा याक्खा जातिको पहिचान तथा अस्तित्व सङ्कटमा परिरहेको छ।

---

[1] लेखक त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, पाटनमा भूगोल विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।

सामान्यतया: नेपालमा बसोबास गर्ने जनसङ्ख्यालाई बुझाउनका लागि प्राचीन समयबाट नै जात र जाति (जातजाति) शब्द प्रयोग गरिरहेको पाइन्छ । पृथ्वीनारायण शाहले पनि नेपाललाई चार जात र छत्तिसवर्णको फुलबारीको रूपमा नेपाल र नेपालीलाई चिनाएको पाइन्छ । उनले जातको कुरा गरेको भएतापनि जातिको कुरा प्रत्यक्ष गरेका छैनन् तर प्राचिन जातभित्र ब्राम्हण, क्षेत्रि, वैश्य र शुद्रलाई बुझाउँदछ । सुवेदी (२००२) ले नेपालमा बसोबास गर्ने जनसङ्ख्यालाई सामान्यतया: जात र जाति भनी वर्गीकरण गरेको पाइन्छ, जहाँ जात भन्नाले ककेसियन समुदायका विभिन्न जातहरू पर्दछन् भने मङगोलियन समुदायभित्र विभिन्न जातिहरू पर्दछन् भन्ने उल्लेख गरेका छन् । यी दुई बृहत् परिवारभित्रका विभिन्न समूह र उपसमूहहरू जात र जातिका रूपमा रहेका/रहनु नै नेपालको सामाजिक परिचय हो । नेपाली समाज विभिन्न जातवर्गमा विभाजित भएको छ र नेपालको जातीय व्यवस्थाको समग्र विशेषता सामाजिक असमानता र कठोर पदानुक्रम प्रणाली हो । समग्र जातीय व्यवस्था छुत र अछुतको सिद्धान्तमा आधारित छ र यस प्रणालीलाई हिन्दु सांस्कृतिक प्रणालीको मूल्यले बैधानिकता दिएको छ (नेपाली, १९६५) । यसरी जात र जातिमा वर्गीकृत भएता पनि विविधतामा एकताको नामले यस देशमा मानिसहरू बसोबास गर्दै आइरहेका छन् र आपसमा सामाजिक सद्भावका साथ मिलिजुली बसोबास गर्नु नेपालको अर्को विशेषता हो ।

नेपालमा रहेका विभिन्न समुदायहरूमध्ये किरात समुदाय पनि नेपालको एक प्राचीन समुदाय हो । शिवाकोटी (२०७४) ले किरात जाति नेपालमा बसोबास गर्ने जातिमध्ये एक प्रमुख जाति हो र किरात जातिको नेपालको इतिहासमा लामो र बहुआयमिक प्रभाव रहेको कुरा उल्लेख गरेका छन् । शर्मा (२०५८) का अनुसार नेपालको धेरैजसो स्थानमा पहिले किरातहरू भएको विश्वास गरिन्छ र ईसापूर्व द्वितीय शताब्दिसम्म यस भु-भागमा किरातिहरूकै प्रधानता रहेकोमा हाल आएर किरातहरू नेपालको पूर्वीक्षेत्रमा वसोबास गर्ने तर्क गरेका छन् । यद्यपी नेपाल भनेको द्वितीय शताब्दिसम्म काठमाडौँ उपत्यकालाई मात्रै भनेर चिनिने हुँदा लेखकले काठमाडौंको सन्दर्भभलाई बुझाउन खोजिएको अनुमान गर्न सकिन्छ । किरात समुदायभित्र धेरै जातिहरू जस्तै राई, लिम्बू, सुनुवार आदि पर्दछन्, जसमध्ये याक्खा एक जाति हो । शर्मा (२०५८) ले किरात समुदायमा याक्खा, राई, लिम्बूमात्रै नभएर काश्मीर आसपासको मोनपादेखि कम्बोडियाको खमेरसम्मको जातिलाई किरातममा समावेश गर्नु उपयुक्त हुने कुरा राखेको पाईन्छ । उनका अनुसार तामाङ, गुरूङ, मगर जातिलाई समेत किरात मानेका छन् । कोङरेन (२०६४) ले कोइच (मुखिया), खम्बू (राई), याक्खा (देवान, जिमिन्दार, मझिया), लिम्बू (सुब्बा), हायू, मेचे, धिमाल, जिरेल आदि जस्ता जातिहरूलाई किरात अन्तरगत समेटेका छन् । शिवाकोटी (२०७४) ले किरातका विषयमा थप प्रष्ट पार्दै भनेका छन् कि किरात जाति जातिका रूपमा नभएर महाजाति हो र यो जाति कुनै नश्लीय जाति नभएर सामाजिक समुदायको रूपमा बुझ्नुपर्दछ । यस भित्र अनेक जाति, धर्म, संस्कृति, इतिहास र परम्परा रहेका छन् । किरात समुदाय अन्तरगत पर्ने जातिहरूको सम्बन्धमा श्रेष्ठ (२०६८) ले एक किम्बदन्तिबाट प्रष्ट पारेका छन् । किम्बदन्ति अनुसार उहिले किरातीहरू रेसमको खेति गर्दथे र उनीहरूले रेसमको किरालाई केरेटा भन्दथे । एकपटक उनीहरूका रेसमको खेती नष्ट भयो । रेसमका कीरा (केरेटाहरू) सबै मरे त्यसपछि उनीहरू उक्त स्थान छोडेर कोही पहाडतिर र कोही मधेशतर्फ लागे । मधेशमा बस्नेहरू

कोच, मेचे, धिमाल भए र पहाडमा बस्नेहरू राई, लिम्बू, याक्खा भए। अत: किरात शब्द केरेटा शब्दको अपभ्रंश हो भनी लिम्बूवानका बुढापाकाहरूले भन्छन् भनी श्रेष्ठ (२०६८) ले उल्लेख गरेका छन्।

याक्खाको परिचयको क्रममा विभिन्न लेखक तथा अनुसन्धाताहरूबिच विभिन्न मतहरू रहेका छन्। याक्खा शब्दको प्रयोग जातिलाई बुझाउने अभिप्रायले सर्वप्रथम वि.सं. १८५८ को कास्यपत्रमा प्रयोग भएको पाइन्छ। उक्त कास्यपत्रमा याका मझिया भन्ने शब्दको प्रयोग भएको पाइन्छ। उक्त कास्यपत्रमा याक्खा भूमिको सिमाङ्कन गर्ने क्रममा माङ्गाया हुर्याखोला पूर्व, राम्चे डाँडा पश्चिम, फुकुवा खोला उत्तर, पटेक डाँडाको दक्षिण ......भनी उल्लेख गरेका पाईन्छ (श्रेष्ठ, २०६८; याक्खा राई, २०५९; कोङरेन, २०६४)। यसपछि याक्खा शब्द राजा गिर्वाणयुद्ध शाहको पालामा वि.सं.. १८८७ मा जारी भएको काष्यरूक्का (ऐतिहासिक आदेश) मा प्रयोग भएको पाइन्छ। जुन रूक्कामा लेखिएको छ कि आगे अरूणपूर्व मेची पश्चिमका राई, लिम्बू, सुब्बा, याक्खा, मझिया ...........भन्ने शब्द प्रयोग भएको छ। त्यसपछि विभिन्न कालखण्डहरूमा जारी भएका लेखोटहरू जस्तै वि.सं. १८८८, १८९१, १८९५, १९०४ मा याक्खा शब्दहरू उल्लेख भएका छन् (श्रेष्ठ, २०६८)। यी सबैजसो अभिलेखमा साझा तथ्यको रूपमा के पाइन्छ भने याक्खाहरू अरूणपूर्वका तत्कालिन पाँचखपन, पाँच मझिया र दश मझिया थुममा बसोबास गर्दछन्। यसले गर्दा प्राचीन कालदेखि नै नेपालको पूर्वीभागमा याक्खा जाति अस्तित्वमा रहेको पुष्ट्याइँ हुन्छ। यसै कुरालाई पुष्ट्याइँ हुनेगरी माबुहाङ (२०६९) ले समेत पाँचखपन, पाँचमझिया र दशमझिया थुमहरू याक्खा र लिम्बूहरूको बसोबासस्थल हो भनेर उल्लेख गरेका छन्। यद्यपि यी क्षेत्रमा लिम्बूहरू खास बसोबास गरेका छैनन्।

याक्खाहरूको उत्पत्तिको बारेमा समेत विभिन्न किम्बदन्तिहरू रहेका छन्। खास गरी याक्खा शब्द याक्खा भाषाको 'याक्सा' बाट उत्पत्ति भएको हो भनेर कहीकही उल्लेख भएको पाइन्छ। 'याक्सा' शब्द याक्खा भाषा हो र यसलाई पर्वते नेपाली भाषमा 'गोठ' अथवा खेतपातीमा काम गर्दा बास बस्नका लागि निर्माण गरिएको 'टहरो' भन्ने हुन्छ र यसरी 'याक्सा' मा बसोबास गर्नेहरू नै 'याक्खा' हरू हुन् भन्ने भनाई रहेको छ (याक्खा राई, २०१०)। त्यस्तै गरी अर्को लेखक याक्खा राई (२०५९) ले प्राग् ऐतिहासिक समयमा नेपाल खाल्डोलाई यलाखोम भनिन्थ्यो र तिनै यालाखोमका बासिन्दाहरू नै याक्खाहरू हुन् र त्यसताका उनीहरूलाई याक्खा, यालाख, याखो वा यलुङ्ग भनिन्थ्यो भन्ने उल्लेख गरेका छन्। उनले थप प्रष्ट्याउँदै भनेका छन् कि लिच्छवी कालमा यसलाई 'यक्ष' बनाइयो। उनले पुनः दावी गर्दै भनेका छन् कि प्राचीन कालका 'यक्ष' हरू नै वर्तमान 'याक्खा' हरू हुन् किनकि याक्खालाई प्राचीन संस्कृत व्याकरणमा याक्खा शब्दभित्र परेको खरायो 'ख' को उच्चारणमा पेट फार्यो 'ष' अक्षर लेखिन्थ्यो। तर पछि जब भाषा परिस्कृत हुँदै गयो र उक्त यक्ष शब्दमा प्रयोग भएको 'क्ष' को व्युत्पत्ति गर्दा क+ष् को उच्चरित संयुक्त स्वर अनुसार 'क्ष' अक्षर लेख्ने नियम संस्कृत भाषामा विकास भएको तर्क गर्दै प्राचीन यख, यक्षे, यक्ष नै 'याक्खा' हो भन्ने कुरा उल्लेख गरेका छन्। यही कुरालाई धरणीधर दाहालले स्वीकार गरेको कुरा रामचन्द्र राईले आफ्नो पुस्तक किरातहरूले छोडेका केही सम्पदाहरू (२०६६) मा उल्लेख गरेका छन्। नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको बृहत नेपाली शब्दकोष (२०६७) मा समेत 'याक्खा' को अर्थ अरूण पूर्वमा बसोबास गर्ने आदिवासी जनजाति भनी उल्लेख गरेको पाईन्छ। त्यसै गरी सोही शब्दकोष (२०६७) मा नै 'यक्ष' को अर्थ राई जातिको एकभेद 'याखा' भनी उल्लेख गरेको पाइन्छ,

जसले गर्दा प्राचीन कालको यक्ष नै वर्तमानको याक्खा भएको अनुमान गर्न सकिन्छ । शब्दकोषका यी अर्थहरू र दाहाल (साभार राई, २०६६) र याक्खा राई (२०५९) को तथ्य र दावीमा केही मेल खाएको देखिन्छ । अतः वर्तमान याक्खा जाति भनेको प्राचीन यक्षका सन्तान हुन् भन्ने बालियो प्रमाण बन्न सक्दछ । त्यस्तै गरी हड्सन (साभार शर्मा, २०५८) ले समेत महावंश भन्ने पाली भाषामा लेखिएको प्रख्यात ग्रन्थमा हिमालयमा बस्ने 'यक्ख' भनेर वर्णन गरिएको र उक्त पुस्तकमा 'यक्ख' भनी सम्बोधन गरिएको 'यक्ष' लाई हो र यक्षका सन्तान नै 'याक्खा' हरू हुन् भनी तर्क समेत गरिएको छ ।

यसै शिलशिलामा तत्कालीन श्री ५ को सरकार सुचना विभागद्वारा प्रकाशित मेचीदेखी महाकाली भाग १ (२०३१) भन्ने पुस्तकमा सङ्खुवासभा जिल्लाको जनसङ्ख्या र बसोबास भन्ने शीर्षकमा उक्त जिल्लामा राई, लिम्बू र याक्खाहरूको अधिकता रहेको कुरा उल्लेख गरेको छ । उक्त पुस्तकमा किराती समुदायमा पर्ने जातिहरूमा याक्खा पनि एक हो र याक्खाहरूलाई 'देवान' पनि भनिने कुरा उल्लेख गरिएको छ । यसै पुस्तकमा सांस्कृतिक रूपमा राई र लिम्बूहरूसँग याक्खाको समेत संस्कृति मिल्ने कुरा समेत जानकारी गराएको छ र वास्तवमा नै याक्खाहरुको संस्कार र संस्कृति राईहरूको नजिक भएमा राईसँग र लिम्बूहरूको नजिकमा बसोबास गर्ने याक्खाहरू भएमा लिम्बूसँग मिल्ने गरेको छ । यद्पी याक्खाहरू राईहरूको भन्दा लिम्बूहरूको नजिकमा धेरैजसो बसोबास गर्ने भएकाले याक्खाहरूको संस्कार र संस्कृति लिम्बूहरूसँग धेरैजसो मिलेको पाइन्छ ।  यसबाट याक्खाहरू परापूर्वकालबाट नै अस्तित्वमा रहेको कुरा प्रष्ट हुन्छ । यसलेगर्दा याक्खाहरूको पहिचानमा धेरै लेखक तथा अनुसन्धानकर्ताको चासो पुग्न सकिरहेको छैन । हालसम्मपनि याक्खाहरूलाई बाह्य समुदायका मानिसहरूले याक्खा भनेको 'राई' कि 'लिम्बू'? भन्नेजस्ता प्रश्नहरू प्रसस्तै उठ्ने गरेको हुँदा संख्यात्मक रूपमा सानो तर एक विशिष्ट जाति याक्खाको बारेमा प्राज्ञिक जगतलाई जानकारी दिने उद्देश्यले यो लेख तयार गरिएको छ ।

## विधि र सामग्री

प्रस्तुत लेख तयार गर्ने क्रममा याक्खा सम्बन्धी विभिन्न लेखकहरुले प्रकाशन गर्नुभएका लेखहरुको सुक्ष्म ढङ्ले अध्ययन गरी विश्षेणात्मक पद्धतिको प्रयोग गरिएको छ । यो लेख पुर्णतयः द्वितिय श्रोतमा आधारित छ र विभिन्न विद्वानहरुको लेखबाट प्राप्त सूचनारुलाई वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ । कतिपय सूचनाहरुको श्रोत प्राचीन दस्तावेजहरु जस्तै कास्यरूक्का, ताम्राप्तत्र तथा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित नयाँ तथ्याङ्कहरुको समेत प्रयोग गरी याक्खा जातिको जनसङ्ख्या प्रस्तुत गरिएको छ । याक्खा जातिलाई एक फरक जातिको रुपमा धेरैले किन बुझिरहेका छैनन् ? भन्ने कारणको खोजी समेत यस लेखमा विश्लेषणात्मक ढङ्गले गरिएको छ ।

## परिणाम र छलफल

याक्खा जातिको परिचय तथा याक्खा जातिको बिषयमा ऐतिहासिक दस्तावेजमा उल्लेख गरीएका आधारमा याक्खा जातिको परिचयका लागि प्राप्त सूचना तथा जानकारीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## आदिवासी जनजातिको रूपमा याक्खा जाति (Yakkha as an Indigenous Nationalities)

आजसम्म पनि आदिवासी जानजातिको बारेमा आम रूपमा बुझाइ स्पष्ट हुन सकिरहेको छैन । कस्ता समुदायहरू आदिवासी/जनजाति हुन् ? आदिवासी/जनजातिको खास मापदण्डहरू के-के हुन् ? आदिवासी र जनजाति एउटै हुन कि फरक-फरक हुन् ? यी प्रश्नहरूलाई ध्यान दिँदा आदिवासी जनजातिहरूको अर्थ र परिभाषामा अन्तर्राष्ट्रिय रूपमा पनि एकरूपता भएको पाइँदैन । अन्तराष्ट्रिय श्रम संङ्गठन (२००३) ले आदिवासी भन्नाले आफ्नो विशिष्ट सामाजिक, सांस्कृतिक र आर्थिक कारणले सोही देशभित्र नै बसोबास गरिरहेका अन्य समुदायभन्दा फरक जीवनशैली, रीतिरिवाज वा परम्परा वा विशेष कानुन वा नियमद्वारा सञ्चालित हुने समुदाय नै आदिवासी हो भनेर उल्लेख गरेको पाइन्छ । आदिवासीहरूलाई विभिन्न देशहरूमा विभिन्न नामले परिचय दिइन्छ भनी थापामगर (२०७९) ले उल्लेख गरेका छन् । उनका अनुसार संयुक्त राज्य अमेरिकामा Native American, क्यानाडामा First Nation, भारतमा Tribal Indigenous Communities, चीन र पूर्वी यूरोपमा Nationalities, अष्ट्रेलिया र न्युजिल्याण्डमा Aboriginal र हाल Fourth World पनि भन्ने गरिन्छ । ILO ले Indigenous र Tribal peoples भनेर आदिवासी र जनजातिलाई चिनाएको देखिन्छ । यी तथ्यहरूबाट स्पष्ट बन्न सकिन्छ कि आदिवासी जनजातिको बिषयमा विश्वभर नै एकमत छैन ।

नेपालमा आदिवासी र जनजातिको बिषयमा फरक-फरक धारणा र दृष्टिकोणहरू रहेका छन् । खासगरी नेपालमा यी समुदायहरूलाई बुझाउन मूलवासी, आदिवासी, जनजाति भन्ने गरेको पाइन्छ । आदिवासी र जनजाति फरक हो कि एउटै हो ? भन्ने बिषयमा नेपालमा समेत विभिन्न मतभिन्नताहरू रहेका छन् । यद्यपि नेपालको प्रचलित कानुनले आदिवासी र जनजातिलाई एउटै अर्थमा प्रयोग गरेको पाइन्छ (थापामगर, २०७९) । नेपालमा रहेका आदिवासी/जनजाति समुदायमा कति र कुन-कुन जातिहरू पर्दछन् ? किन यी जातीहरू यस समुदाय अन्तरगत पर्दछन् ? भन्ने कुरामा धेरैजसोमा अलमल रहेको पाईन्छ । अतः यस बारेमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ को ‘क’ मा स्पष्ट ढङ्गले आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई बुझाउने कुरा उल्लेख गरेको छ । यी मापदण्डलाई हेर्दा याक्खा जातिमा माथि उल्लिखित सम्पूर्ण शर्तहरू पूरा भएको भएता पनि पहिलो पटक तत्कालीन श्री ५ को सरकारले मिति २०५२ पौष ३० गते समाजशास्त्रका प्राध्यापक सन्त बहादुर गुरूङको संयोजकत्वमा गठन गरेको जनजाति उत्थान प्रतिष्ठान कार्यदलले नेपालमा विभिन्न ६१ वटा आदिवासी/जनजातिहरू रहेको प्रतिवेदन पेस भयो र सोही प्रतिवेदनका आधारमा तत्कालीन सरकारले ६१ वटा जातजातिहरूलाई राष्ट्रिय जनजाति विकास समिति गठन आदेश २०५४ जारी गरेर आदिवासी/जनजाति भनी सूचीकृत गरेको थियो (थापामगर, २०७९; कोङ्ग्रेन, २०८०) । यस गठन आदेश बमोजिम आदिवासी/जनजातिको सूचीमा याक्खा जातिलाई सूचीकरण गरिएन (कोङ्ग्रेन, २०८०; कोङ्ग्रेन, २०६४) । यस बेलासम्म याक्खाहरूको साझा जातीय संस्था किरात याक्खा छुम्माको मिति २०५१।०९।१६ गते स्थापना भई विधिवत रूपमा मिति २०५३।०९।०४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता समेत भएको थियो र उक्त संस्था जातिय पहिचानको लागि क्रियाशिल

समेत भएको हुँदा तत्कालिन छुम्माको अगुवाईमा सरकारलाई ध्यानाकर्षण तथा ज्ञापनपत्र बुझाई दवाव दिइएपछि दोस्रोपटक पुनः तत्कालीन श्री ५ को सरकारले उक्त गुरूङ संयोजकत्वको कार्यदलले सिफारिस गरेको आधारमा सूचीकृत ६१ आदिवासी जनजातिहरूमध्ये छैरोतन र फ्रि भन्ने दुईवटा जातिहरू तत्कालीन समयमा नेपालमा नपाईएकोले हटाई संशोधन गर्ने क्रममा कूल ५९ वटा जातिहरूलाई आदिवासी/जनजातिमा समावेश गर्ने क्रममा याक्खा जातिलाई पनि आदिवासी/जनजातिमा सूचीकरण गरी आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा याक्खालाई समेत ४१ नं बुँदामा समेटिएको छ (कोड्रेन, २०८०; कोड्रेन, २०८०; थापामगर, २०७९)। वि.सं. २०७७ सालसम्म ५९ वटा जातिहरू मात्र आदिवासी/जनजातिमा सूचीकरण रहेकोमा नेपाल सरकारले पुनः मिति २०७७।०२।०५ गते रानाथारूलाई समेत थप गरि नेपाल राजपत्रमा प्रकाशित गरेपश्चात हाल नेपालमा ६० वटा जातिहरू आदिवासी जनजातिमा सूचीकृत भएका छन् (थापामगर, २०७९)।

**याक्खाहरूको आदिम भूमि (Traditional land of Yakkha)**

ऐतिहासिक प्रमाणका आधारमा किरात याक्खाहरूको ऐतिहासिक थातथलोको रूपमा सङ्खुवासभा जिल्लाको दक्षिणी भाग र धनकुटा जिल्लाको उत्तरी भाग हो भन्ने पुष्ट्याइँ हुन्छ (माबुहाङ, २०६९; कोड्रेन, २०६४; कोड्रेन, २०६८; लिंखा, २०१८)। सङ्ग्रौला (२०६७) ले किरात राजा गस्तीको समयमा भारतको वैशालीबाट नेपाल प्रवेश गरेका लिच्छवीहरूले वि.स. १५७ (११० ई.) तिर काठमाडौँ उपत्यकामा आक्रमण गरेको अनुमान गरेका छन्। उक्त आक्रमणमा किरातीहरू लिच्छवीहरूद्वारा पराजित भएपछि उपत्यकाका किरातहरू पूर्वतर्फ लागे। उनीहरूले बसोबास गरेको क्षेत्रलाई किरात क्षेत्र वा किरात प्रदेश भनियो। उनले किरात क्षेत्रको विभाजन निम्न अनुसार गरिएको पाइन्छ :

१. काठमाडौँ उपत्यकापूर्व बनेपादेखि लिखु खोलासम्मको सम्पूर्ण पहाडी क्षेत्रलाई वल्लो किरात,

२. लिखु खोलादेखि अरूण नदीसम्मको भागलाई माझ किरात,

३. अरूण नदीदेखि, मेची नदी एवम् सिंगलिला पर्वतको पश्चिमी पानी ढलोसम्मको भागलाई पल्लो किरात।

श्रेष्ठ (२०६८) ले पनि यस बिषयमा उल्लेख गर्दै नेपाल एकीकरणभन्दा अगाडि स–साना राज्यहरूमा विभाजित भएको कुरा उल्लेख गरेका छन्। उनले थप भनेका छन् की पश्चिम नेपालमा बाइसी-चौबिसी राज्यहरू थिए भने काठमाडौँ उपत्यकामा तीनवटा मल्ल राज्यहरू थिए र पूर्वी नेपालमा मकवानपुर, चौदण्डी र विजयपुरमा सेनवंशी राजाहरूले शासन गर्दथे। उक्त समयमा लिम्बूवान् क्षेत्र विजयपुरका सेनवंशी राजाको अधीनमा थियो। पल्लो किरातलाई पृथ्वीनारायण शाहले वि. सं. १८२५(१८३१) मा गरेको नेपाल एकीकरणको क्रममा पल्लो किरात/दश लिम्बूवानलाई प्रशासनिक एकाई गठन गर्दा विभिन्न थुमहरूमा विभाजित गरियो (कोङरेन, २०६४)। यद्यपि थुमहरूको सङ्ख्यामा एकरूपता भने छैन, कोड्रेन (२०६४) ले १७ वटा थुमहरू रहेको कुरा उल्लेख गरेका छन् भने (माबुहाङ, २०६९) ले २३ वटा थुमहरूको नाम सहित विवरण दिएका छन्। यी प्रमाणलाई हेर्दा माबुहाङ (२०६९)

को अध्ययन बढी विश्वसनीय देखिन्छ किनकि उनले स्थलगत कार्यका आधारमा स्रोतसहित यी तथ्यहरू उल्लेख गरेका छन्। तर बोलचालमा भने अझै पनि १० लिम्वूवान, १७ थुम भन्नचाहिँ हालसम्म पनि पूर्वी नेपालका बुढापाकाहरूबाट सुन्न पाइन्छ। यिनै थुमहरूमध्ये पाँचखपन, पाँचमझिया र दशमझिया याक्खाहरूको आदिम थलाहरू हुन् भनी लेखकहरूले दाबी गरेका छन्। कोङ्रेन (२०६४) ले पाँचखपन थुम अन्तरगत सङ्खुवासभा जिल्लाको साबिक स्याबुन, जलजला, वाना, सिद्धपोखरी र सिद्धकाली गाविसहरू पर्ने बताएका छन्। त्यस्तैगरी माबुहाङ (२०६९) ले साविक स्यावुन, जलजला, वाना, सिद्धकाली र सभापोखरी गाविसहरू पर्ने बताएका छन्। लिंखा (२०६६) ले भने यस थुममा साबिक मावदिन गाविसको बाघा पनि यसै थुममा पर्ने बताएका छन्। यद्यपि याक्खा गाउँका बुढापाकाहरूको भनाइमा पाँचखपन अन्तरगत साबिकको सभापोखरी गाविस नपर्ने बताउनुहुन्छ। यसले गर्दा पाँचपखन थुम अन्तरगतका स्थानहरू कोङ्रेन (२०६४) ले उल्लेख गनुभएको तथ्यमा स्थानीय बुढापाकाहरूले स्विकार गरेको पाइन्छ। पाँच मझिया थुम अन्तरगतका सङ्खुवासभा जिल्लाका साबिकका खराङ र बानेश्वर गाविसहरू पर्दछन् भनी कोङरेन (२०६४) ले उल्लेख गरेका छन् भने माबुहाङ (२०६९) ले खराङ, बानेश्वर र चैनपुर गाविसहरू पर्ने उल्लेख गरेका छन्। साबिक चैनपुर गाविस अन्तरगत अम्बोट भन्ने स्थानमा समेत याक्खाहरूको बस्ती भएको हुँदा चैनपुर पनि यसै थुममा पर्ने कुरामा बढी विश्वसनीय देखिन्छ तर लिंखा (२०६६) ले साबिक चैनपुर गाविसमा पर्ने अम्बोटे पाँचखपनमा पर्ने उल्लेख गरेका छन्। दशमझीया अन्तरगत सङ्खुवासभा जिल्लाको दक्षिणी भाग र धनकुटा जिल्लाको उत्तरी भाग पर्दछन्। कोङ्रेन (२०६४) का अनुसार यस थुम अन्तरगत सङ्खुवासभा जिल्लाको साबिक मादिराम्वेनी, मादी मूलखर्क, मावदिन, तामाफोक, माम्लिङ, आँखिभुइँ गाविसहरू र धनकुटा जिल्लाको साबिक चानुवा र डाँडागाउँ गाविसहरू पर्ने बताएका छन्। त्यस्तै माबुहाङ (२०६९) ले यी उल्लिखित साबिक गाविसहरूमा मावदिनलाई उल्लेख गरेका छैनन् तर हालसम्म अभ्यासमा रहिआएको र खासगरी पिलुवाखोलालाई सिमाना बनाएको देखिँदा यस थुम अन्तरगत मावदिन पनि यसै दशमझिया थुममा समावेश हुने कुरा नै तर्कपूर्ण रहन्छ। यसै सन्दर्भमा लिंखा (२०६६) को मत भने माबुहाङसँग (२०६९) सँग मिलेको देखिन्छ। यी लेखकहरू मध्ये लिंखा (२०६६) ले थुमहरू अन्तरगत विभिन्न मौजाहरू रहेका कुरा उल्लेख गरेका छन्। मौजा भन्नाले थुम अन्तरगत पर्ने विभिन्न बस्ती (याक्खा बस्ती) हरू हुन्। कोङ्रेन (२०६४) ले पनि उक्त थुमहरू अन्तरगत पर्ने बस्तीहरूको बारेमा उल्लेख गरेका छन् यद्यपि उनले मौजा भन्ने नाम प्रयोग गरेका छैनन्। यी थुमहरूको विषयमा हालसम्म पनि याक्खा गाउँहरूमा विवाह, मृत्यु, पूजाआजा जस्ता सामाजिक कार्य गर्दा यो त दशमझियाको चलन है .... भन्ने चलन यथावत छ। त्यस्तै पाँच मझिया वा पाँच खपनको रीति थिति के छ ? भनेर सोध्ने चलन हालसम्म पनि प्रचलित रहेकै हुँदा प्राचिन समयमा प्रशासनिक एकाईको रूपमा यि चलनहरू रहेको कुराको पुष्ट्याइँ हुन्छ। कोङ्रेन (२०६८) ले पछिल्लो प्रकाशनमा पनि याक्खाहरूको आदिम भूमि (याक्खालेन) को बारेमा उल्लेख गर्दै भनेका छन् कि विभिन्न १७ वटा थुमहरूमध्ये पश्चिममा भोजपुर र सङ्खुवासभा जिल्लाको सिमाना अरूण नदी, उत्तरमा सङ्खुवासभा जिल्लाको सभाखोला, पूर्वमा तेह्रथुम र सङ्खुवासभा जिल्लाको सिमाना तिनजुरे डाँडा, मङ्गलबारे डाँडा हुँदै वसन्तपुर र दक्षिणमा धनकुटा जिल्लाको लेगुवा खोला यति चारकिल्लाभित्रको क्षेत्र (याक्खालेन) नै

याक्खाहरूको उदगम स्थल हो भनी उल्लेख गरेका छन्। त्यसैले माथि उल्लेख गरेका तीन वटा थुमहरूले समेटेको क्षेत्र नै याक्खाहरूको आदिम भूमि हो भन्ने थप प्रष्ट पार्न सहयोग गर्दछ। यी भूगोलले समेटेका क्षेत्रभित्रमा प्रायः धेरैजसो याक्खा जातिका मानिसहरू नै बाहुल्य रूपमा रहेको तथा यस क्षेत्रका विभिन्न स्थान तथा खोलानालाका नामहरूको नामाङ्करण हुँदा समेत याक्खा भाषाको प्रयोग भएको हुँदा यो दावी विश्वसनिय देखिन्छ। त्यस्तै गरी शर्मा (२०५८) ले उल्लेख गरेका छन् कि याक्खाहरू लिम्बूको पश्चिममा बस्छन् र लेखकले उक्त पश्चिम भनेको यही याक्खाहरू बसोबास गर्ने क्षेत्रभित्र नै पर्दछ। मेचीदेखि महाकाली (२०३१) भन्ने पुस्तकमा याक्खाहरू सङ्खुवासभा र धनकुटा जिल्लामा बसोबास गर्ने कुरा उल्लेख गरेको हुँदा याक्खाहरूको प्राचीन थातथलोको बारेमा थप प्रष्ट बुझ्न सकिन्छ। माबुहाङ (२०६९) ले के दाबी गरेका छन् भने पूर्वमा गोर्खालीको प्रवेशपछि उनीहरूले प्रशासन चलाउने क्रममा समेत स्थानीय स्तरमा लिम्बूहरूलाई शासकका रूपमा सुब्बा बनाइए किनकि उक्त बेलामा लिम्बूवानका सङ्खुवा उत्तर, सभा उत्तर, पाँचमझिया, पाँचखपन, दशमझिया र खाल्सादेखि बाहेक लिम्बूको मात्र बस्ती भएको कुरा उल्लेख गरेका छन्। त्यसैले यी थुमहरूमा लिम्बूहरू नभएको भन्ने स्पष्ट हुन्छ र यिनीहरूमध्ये पाँचखपन, पाँच मझिया र दश मझियामा याक्खाहरू रहेका थिए भने अन्य बाँकी थुमहरूमा याक्खादेखि बाहेक राई (खम्बू) हरूको बसोबास भएको कुराको बलियो प्रमाण बन्न सक्दछन। यी माथि उल्लिखित भूगोल बाहेक याक्खा जातिका मानिसहरू हाल धनकुटा जिल्लाको मारेककटहरे, जितपुर, घोर्लीखर्क, पाख्रिवास, मुगा, चुम्बाङ, धनकुटा नगरपालिकाको सान्ताङ, खुवाफोक, बोधे, मुढेबास, कुरूलेतेनुपा र इलाम जिल्लामा समेत प्राचीनकालबाट नै बसोबास गरिराख्नुभएको देखिन्छ। हाल आएर माथि उल्लिखित स्थानहरूबाट सुनसरी, मोरङ, झापामा जिल्लाहरूमा समेत बसोबास गरेको देखिन्छ। केही अपवाद बाहेक यी सबै बस्तीहरू याक्खा आदिम थलोबाट बसाइँ सरेर आएका बस्तीहरू हुन्।

**याक्खा जातिहरूको जनसङ्ख्या (Population of Yakkha)**

याक्खाहरूको जनसङ्ख्यामा धेरै उतारचढाव देखिएको छ। पहिलो पटक वि.सं. २०५८ सालको जनगणनामा पहिलो पटक याक्खा जाति एक छुट्टै जातिको रूपमा तथ्याङ्क प्रकाशित भएको पाइन्छ। खासगरी वि.सं. २०४६ मा बहुदलीय व्यवस्थाको आगमनपश्चात लुप्त अवस्थामा रहेका विभिन्न जातजातिहरूको पहिचान र जातजाति सम्बन्धी अध्ययनमा उभार नै आयो। यसैको फलस्वरूप वि.सं. २०५१ साल पौष १६ गतेका दिन औपचारिक रूपमा किरात याक्खा छुम्माको स्थापना भयो र २०५३ वैशाख ४ गतेका दिन जिल्ला प्रशासन कार्यालय काठमाडौँमा विधिवत दर्ता भएको हो (लिंखा, २०१८)। स्थापनाको प्रारम्भिक चरणमा किरात याक्खा छुम्मा सक्रिय रूपमा जातीय पहिचानको लागि क्रियाशिल भएको र आदिवासी जनजातिमा सूचीकरण गराउने काम, याक्खा जातिहरूको आफ्नो पहिचानको स्थापना र विकासको लागि कोशेढुङ्गाको रूपमा स्थापित भएको छ। अतः यसरी विभिन्न चुनौतीका बाबजुद छुट्टै जातिको रूपमा स्थापित याक्खा जातिको जनसङ्ख्या उतारचढावको विवरण देहाय अनुसार रहेका छन् :

**तालिका नं १**
*विभिन्न जनगणनामा परिवर्तित याक्खा जातिको जिल्लागत जनसङ्ख्या*

| जिल्लाहरू | विभिन्न जनगणनामा याक्खा जातिको जनसङ्ख्या | | |
|---|---|---|---|
| | २०५८ | २०६८ | २०७८ |
| सङ्खुवासभा | ७००१ | ७१८० | ५७५२ |
| धनकुटा | ४९७३ | ४९६९ | ४३४४ |
| इलाम | १२८७ | १६८२ | १३०८ |
| मोरङ | ९२२ | ११३७ | १६९८ |
| पाँचथर | ६२७ | ६६० | ४७१ |
| सुनसरी | ४१६ | १०६२ | १७३० |
| झापा | ३८४ | ५१२ | ६७२ |
| पर्सा | २८९ | २५८१ | ० |
| ताप्लेजुङ | २०४ | २६३ | २३५ |
| तेह्रथुम | १८० | १९१ | १८० |
| बारा | १४ | ११११ | ७७ |
| रौतहट | १४० | ६४६ | ० |
| धनुषा | ५८ | २४७ | ० |
| रूपन्देही | ४७ | २३० | ९० |
| भोजपुर | ० | २४९ | ० |
| काठमाडौँ | १४६ | २६४ | ३६७ |
| ललितपुर | ४५ | १४२ | २२९ |
| भक्तपुर | १२ | २३ | २९ |
| अन्य जिल्लाहरू | २५८ | ११७९ | २७८ |
| जम्मा | १७००३ | २४३३५ | १७४६० |

स्रोत : लिंखा, २०१८ ; राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

पछिल्लो जनगणना बमोजिम याक्खा जातिको जनसङ्ख्या कूल जनसङ्ख्या (नेपाल) को ०.०६ प्रतिशत रहेको देखिन्छ। जिल्लागत जनसङ्ख्याको आधारमा सङ्खुवासभा जिल्लामा सबभन्दा धैरै याक्खाहरू बसोबास गरिरहेका देख्न सकिन्छ। कूल याक्खाहरूको जनसङ्ख्यामध्ये लगभग ३३ प्रतिशत याक्खाहरू हाल यस जिल्लामा बसोबास गरिरहेका छन्। २०६८ र २०५८ सालको गणनामा यो सङ्ख्या क्रमशः २९.५ र ४१.२ प्रतिशत रहेका थिए

। त्यस्तै गरी हाल याक्खाहरूको दोस्रो र तेस्रो ठुलो जनसङ्ख्या भएका जिल्लाहरू क्रमशः धनकुटा (२४.८ प्रतिशत) र सुनसरी (९.९ प्रतिशत) हुन्। सम्बन्धित जिल्लाको हालको कूल जनसङ्ख्यालाई हेर्दा सङ्खुवासभा जिल्लामा याक्खाहरू ३.६ प्रतिशत र धनकुटा जिल्लामा २.९ प्रतिशत देखिन्छ। यसबाट के प्रष्ट हुन्छ भने याक्खाहरूको जनसङ्ख्या सानो छ र यिनीहरूको धेरै जनसङ्ख्या सङ्खुवासभा र धनकुटा जिल्लामा बसोबास गरिहेका छन्। यद्यपि नेपालमा याक्खा जातिको वितरण २०५८ सालमा ४४ वटा जिल्लाहरूमा, २०६८ सालको गणनामा ३२ र २०७८ सालको गणनामा २२ वटा जिल्लाहरूमा रहेका देखिन्छन् (लिंखा, २०१८ ; राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०)।

नेपालको कुल जनसङ्ख्याको प्रवृत्तिसँग याक्खाहरूको जनसङ्ख्याको प्रवृत्ति समेत मेल खाएको देखिन्छ। खास गरी नेपालको हिमाली र पहाडी जिल्लाहरूको जनसङ्ख्या बृद्धिदर घटेजस्तै याक्खाहरूको जनसङ्ख्या पनि सङ्खुवासभा, धनकुटा र इलाममा पछिल्लो जनगणनामा निकै घटेका देखिन्छ। यसको बिपरित सुनसरी, मोरङ, झापा र काठमाडौँ उपत्यकामा याक्खाहरूको समेत जनसङ्ख्यामा बृद्धि हुनुले यसलाई पुष्ट्याइँ गर्दछ। यसले याक्खाहरू आफ्नो प्राचीन थातथलो छोडेर बिस्तारै तराई र काठमाडौँ उपत्यका केन्द्रित हुँदै गरेको सङ्केत समेत गरेको छ।

समग्रमा याक्खाहरूको जनसङ्ख्या पछिल्लो १० बर्षमा ६८७६ जनाले घटेको देखिन्छ। यसको कारणको बारेमा छुट्टै अध्ययन होला यद्यपि २०६८ सालमा पर्सा र रौतहट जिल्लामा क्रमश: २५८१ र ६४६ जना याक्खाहरूको सङ्ख्या अभिलेखीकरण भएकोमा यसपटक यी जिल्लाहरूमा एकजना पनि याक्खाहरूको जनसङ्ख्या आएको छैन (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०)। अघिल्लो सालको जनगणनामा नै उक्त जिल्लाको तथ्याङ्क गलत भएको थियो किनकि पर्सा, बारा र रौतहट जिल्लामा याक्खा जातिहरू नभएकै हो तर एकप्रकारको मुसलमान समुदायहरूले समेत आफ्नो थरमा देवान लेख्ने गरेकोमा उक्त देवान थरका आधारमा नै उनीहरूलाई याक्खा जातिमा अभिलेखीकरण भएको अनुमान गर्न सकिन्छ । यस पटक भने उनीहरूले आफ्नो जातजातिमा सही अभिलेखीकरण गरेको हुँदा याक्खा जातिको जनसङ्ख्या घट्नु पहिलो र प्रमुख कारण मान्न सकिन्छ। कतिपय याक्खा महानुभावहरूले याक्खाहरूको जनसङ्ख्या ४०-५०,००० रहेको अनुमान गरेको पाइन्छ (लिंखा, २०६६)। तर तथ्याङ् विभागको केही बर्षदेखिको तथ्याङ्क हेर्दा याक्खाहरूको जनसङ्ख्या १७००० कै वरीपरि देखिन्छ।

**सङ्कटमा याक्खा जाति (Crisis in Yakkha)**

याक्खा जाति आफ्नो पहिचान स्थापनाको सन्दर्भमा केही सङ्कटमा रहेको देखिन्छ, जसका केही कारणहरूको बारेमा सङ्क्षिप्तमा देहाय बमोजिम चर्चा गरिन्छ।

***दस्तावेज/कागजातसँग सम्बन्धित त्रुटिहरू:***

याक्खाहरूको आदिम थातथलो सङ्खुवासभा जिल्लाको दक्षिणी भाग र धनकुटा जिल्लाको उत्तरी भागमा पर्ने प्राचीन समयमा अस्तित्वमा रहेको पाँचखपन, पाँचमझिया र दश मझिया थुमहरूमा भएको कुरा माथि नै उल्लेख

गरिएको छ। यी स्थानहरूमध्ये खासगरी पाँचखपनमा पूर्ण रूपमा र आंशिक रूपमा पाँच मझियामा विभिन्न कालखण्डबाट तत्कालीन शासकहरूद्वारा याक्खाहरूलाई समेत राई पगरी पाएका थिए (लिंखा, २०६६)। तिनै राई पगरीको कारणले पाँचखपन क्षेत्रमा बसोबास गर्ने धेरैजसो याक्खाहरूले राई लेख्दै आएकोमा यो चलन यथावत छ। परापूर्वकालबाट नै पुस्तान्तरण भई राई थर लेँखिदै आएको कारणले सबैले एकैपटक यसलाई थर परिवर्तन गर्न समेत कानुनी जटिलताहरू छन्। पाँचखपन बाहेक पाँचमझिया क्षेत्रमा समेत यो प्रथा यथावत रहेका छन्। त्यसै कारणले उक्त स्थानहरूमा रहेका कतिपय व्यक्तिहरूले हालसम्म पनि राई नै भएको स्विकार गरिरहेका छन्। त्यस्तैगरी धनकुटा जिल्लाको वर्तमान पाख्रिवास नगरपालिका अन्तरगतका स्थानहरू साविक मुगा, पाख्रिवास, घोर्लिखर्क र चुङ्वाङमा यो समस्या त थप जटिल रहेको छ। यो बाहेक धनकुटा जिल्लाकै धनकुटा नगरपालिका वडा नं ८ को सान्ताङमा समेत करिब २० घरजति याक्खाहरू रहेको स्वयंले स्विकार गर्नुभएको तर सदियौँ देखि आठपहरिया राई जातिसँगको सामाजिक-सांस्कृतिक सामिप्यले याक्खाहरूको जनसङ्ख्या कमी भइरहेको छ। धनकुटा जिल्लाका यी क्षेत्रमा बसोबास गर्ने धेरै ठूलो जनसङ्ख्यामा याक्खाहरूको भएको तर्क देवान.(२०५६) ले गरेका छन् तर पनि हाल केही नगण्य सङ्ख्याले मात्रै याक्खा भएको स्विकार गरेको अवस्था छ। उनीहरू राई हुन् की याक्खा हुन् भन्ने कुराको परिक्षणका लागि उनीहरूको सामेत्लिङ (सामे) सोधेमा मात्रै स्पष्ट हुनसकिन्छ। त्यसैले परापूर्वकाल नै लिखित रूपमा लेखिँदै आएको कागजातगत त्रुटिको कारणले याक्खा जाति हो भनेर स्विकार गर्न नसकिरहेको हुँदा याक्खाहरूको जातीय पहिचान सङ्कटतर्फ उन्मुख रहेको देखिन्छ।

***भाषिक र सांस्कृतिक सामिप्य:***

पाँचखपन क्षेत्रमा बसोबास गर्ने याक्खाहरूले आफ्नो याक्खा भाषा करिब करिब प्रयोग गर्न छोडिसकेको अवस्थामा रहेको छन्। साथै पाँच मझिया क्षेत्रमा समेत भाषिक अवस्था कमजोर नै रहेको छ। धनकुटा जिल्ला अन्तरगतका वर्तमान पाख्रिवास र धनकुटा नगरपालिकामा बसोबास गर्ने वास्तविक याक्खाहरूले आफ्नो भाषा प्रयोग नै गर्दैनन्। उनीहरूले राई जात अन्तरगतका विभिन्न थरहरूले प्रयोग गर्ने भाषा प्रयोग गर्दै आईरहेको हुँदा भाषिक दृष्टिकोणले समेत याक्खाहरू कमजोर अवस्थामा छन्।

आदिवासी जानजातिहरूको आ-आफ्नै संस्कार तथा संस्कृतिहरूको समेत रहेका छन् र यही फरक संस्कार र संस्कृति नै कतिपय जातजातिहरूको पहिचान हो। याक्खा जातिको समेत आफ्नै संस्कार र संस्कृतिहरू रहेका छन् तर याक्खा जातिको धेरैजसो संस्कार र संस्कृति अन्य किराती समुदायहरू जस्तै लिम्बू, राई जाति लगायतसँग नजिक (मिल्दोजुल्दो) रहेको कारणले समेत याक्खाहरूको मात्रै संस्कार संस्कृतिको जानकारी पाउन कठिन छ। फेरि अर्को तर्फ सङ्ख्यात्मक रूपमा याक्खाहरूको जनसङ्ख्या यी दुई जातिहरूको भन्दा निकै कममात्रै रहेको हुँदा ठुलो समुदायको प्रभाव सानो समुदाय उपर हुने हुँदा सांस्कृतिक सामिप्यको कारणले याक्खाहरूको पहिचान स्थापनामा जटिलता बन्न पुगेको छ।

***पर्याप्त अनुसन्धनात्मक कार्य र प्रकाशनको अभाव:***

नेपालका आदिवासी जनजातिहरूको विभिन्न प्रकारको सवालहरूमा प्रसस्तै अनुसन्धानहरू देश तथा विदेशका अनुसन्धानककर्ताहरूले गरेको पाइन्छ। तर याक्खा जातिलाई चिनाउने अथवा याक्खाको पहिचान स्थापनका लागि स्थलगत रूपमा भएको अनुसन्धानहरू केही कममात्रै रहेको देखिन्छ। नेपाल सरकार, अन्य आदिवासीजन्य सङघसंस्थाहरू र स्वयं याक्खा जातिको मातृसंस्था किरात याक्खा छुम्माको स्थापना भएको लामो अवधि हुँदासमेत याक्खा जातिको विषयमा नगण्यमात्रै अनुसन्धान र प्रकाशन हुन सक्नुले समेत याक्खा जातिलाई अन्तर्राष्ट्रिय रूपमा र नेपालमा नै चिनाउन नसकिएको हो।

केही सीमित अध्ययनहरू जस्तै रस्सेल (१९९२ सन्) ले विद्यावारिधि उपाधिको लागि गरेको अध्ययन नै पहिलो अनुसन्धान देखिन्छ। त्यसपछि स्वयं रस्सेलले प्रकाशन गरेका केही लेखहरू (रस्सेल, १९९२ र २००७ सन्) नै अन्तर्राष्ट्रिय प्रकाशनहरू हुन्। सन् २०१० को दशकपछि केही सीमित नेपालका याक्खा विद्यार्थीहरूले केही अनुसन्धान गरेका छन् तर ती सबै अनुसन्धानहरू शैक्षिक प्रयोजनलाई पूरा गर्ने गरी गरिएका हुँदा प्रकाशित छैनन्। त्यस्तै गरी नेपाली भाषामा केही नगण्य पुस्तकहरू समेत लेखन र प्रकाशन भएको पाइन्छ तर पूर्ण रूपमा अनुसन्धानमूलक ढाँचाको अनुसरण गरिएको पाईदैन। हालसम्म स्थलगत कार्य गरि अनुसन्धनात्मक ढाँचामा प्रकाशन गरेको पुस्तक (लिंखा, २०१८) र केही अङ्ग्रेजी भाषामा प्रकाशित लेख (लिंखा, २०१८ क, ख) हरू नै नेपाली अनुसन्धानकर्ताले गरेका याक्खा सम्बन्धीका लेखहरू हुन्। त्यस्तै गरी लेखक रामजी कोङ्रेन (२०६४) ले समेत नेपाली र अङ्ग्रेजी दुवै भाषामा एउटा पुस्तक तयार गरी किरात याक्खा छुम्मा केन्द्रिय समितिले प्रकाशन गरेको छ। यस पुस्तकमा अनुसन्धानका विधि, पद्धति लगायतका बिषयमा उल्लेख गरिएको छैन यद्यपि याक्खा जातिको संस्कार र संस्कृतिको बारेमा आधार पुस्तकको रूपमा प्रयोग गर्न सकिन्छ। अतः आजको अनुसन्धानमूलक युगमा विना अनुसन्धान नयाँ ज्ञानको जन्म हुन नसक्ने भएकाले कतिपय सूचना तथा तथ्याङ्कहरूको विश्वसनियता र वैधानिकताको लागि अनुसन्धान र प्रकाशन सँगसँगै जानुपर्ने तर याक्खा विषयमा केही सीमितमात्रै अध्ययन हुनुले यस जातिको राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान/चिनारी कायम हुन सकिरहेको छैन।

***मानवशास्त्री तथा प्राज्ञिक व्यक्तिहरूको याक्खा जातिप्रति ध्यान जान नसक्नु:***

नेपालमा बसोबास गर्ने विभिन्न आदिवासी जनजातिहरूको विषयमा विभिन्न प्रख्यात विद्वान तथा प्राज्ञिक व्यक्तिहरूले अध्ययन गरी लेख तथा अन्य पुस्तकहरू प्रसस्त मात्रमा प्रकाशन गरेका छन्। बहुजातीय तथा बहुसांस्कृतिक मुलुक भनिएता पनि अनुसन्धानकर्ता र लेखकहरूले किरात समुदाय अन्तरगतको याक्खा जातिलाई अध्ययनमा समावेश गरेका छैनन्। समावेश मात्रै नगरेको होइन कि कतिपय लेखकहरूले याक्खा जातिलाई समेत कसैले राई र कसैले लिम्बू समुदाय अन्तरगत समावेश गरेको कारणले नै हालसम्म कतिपय लेखक र पाठकहरू अलमलमा रहेका छन्। दृष्टान्तका रूपमा नेपालको जातजातिहरूको बिषयका प्रसिद्ध अनुसन्धानकर्ता तथा मानवशास्त्री डोरबहादुर बिष्टले आफ्नो पुस्तक सबै जातको फूलबारी (२०३०) मा विभिन्न २२ वटा जातजातिहरूको विषयमा चर्चा गरेका छन् तर उनले याक्खा जातिलाई वर्णन गरेका छैनन्। यति मात्रै होइन उनले याक्खा जातिलाई राई

जाति अन्तरगत समावेश गरी याक्खाहरूले आफूलाई राई भनी चिनाउदै आएका छन् भन्ने उल्लेख गरेकाले याक्खा जातिको विषयमा थप ओझेलमा पारेका छन् । उनले थप लेखेका छन् कि याक्खाहरूलाई यो भन्दा अगाडि 'देवान' भनिन्थ्यो भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तैगरी अङ्ग्रेजी भाषामा उनले लेखेको अर्को पुस्तक पिपल अफ नेपाल (सन् १९६७) मा पनि याक्खा जातिलाई राई अन्तरगत नै राखेका छन् । यति हुँदाहुदैपनि उनले एक वाक्यमा याक्खा जाति राई र लिम्बूभन्दा फरक रहेका छन् भन्ने जानकारी भने दिएका छन् । उक्त पुस्तकमा याक्खाहरू तेह्रथुम जिल्लामा बसोबास गर्दछन् भन्ने उल्लेख गरेका छन् तर वास्तवमा याक्खाहरू तेह्रथुम जिल्लामा बसोबास गर्दैनन् । यी दुईवटा पुस्तकहरू नै नेपालमा जातजाति सम्बन्धी लेखिएका प्रसिद्ध पुस्तक हो र यी पुस्तकहरू नै नेपाली तथा विदेशी अनुसन्धानकर्ता र प्राज्ञिक व्यक्तित्वहरूले सन्दर्भग्रन्थका रूपमा लिइएकाले याक्खा जातिको विषयमा प्रष्ट हुन सकेन । त्यस्तैगरी इमान सिं चेम्जोङले आफ्नो पुस्तक हिस्ट्री एन्ड कल्चर अफ किरात पिपल (१९६७) मा समेत याक्खा जातिको बारेमा उल्लेख गरेका छैनन् । यसै पुस्तकमा उनले नेपालको पूर्वी क्षेत्रमा बसोबास गर्ने याक्खाहरू र सिलोन (श्रीलङ्का) मा रहेका याक्खोहरू बिच समानता रहेको कुरा उल्लेख भने गरेका छन् ।

यति हुँदाहुँदै पनि केही लेखक तथा प्रकाशनहरूमा याक्खा छुट्टै जाति हो भन्ने समेत उल्लेख गरेको पाइन्छ । उदाहरणको लागि तत्कालीन श्री ५ को सरकार सूचना विभागद्वारा वि.सं. २०३१ सालमा प्रकाशित मेचीदेखि महाकाली भाग १ मा भने याक्खा जातिको बारेमा उल्लेख भएको पाउन सकिन्छ । अर्का लेखक जनकलाल शर्माले आफ्नो पुस्तक हाम्रो समाजः एक अध्ययन (२०५८) मा समेत याक्खा जाति राई र लिम्बूभन्दा नितान्त फरक जाति भएको भन्दै याक्खा जातिको बारेमा उल्लेख गरेको पाइन्छ ।

***स्वयं याक्खाहरूमा चेतनाको अभाव:***

याक्खा जातिको बारेमा धेरैले जानकारी पाउन नसक्नु अथवा यो जातिले आफ्नो पहिचान स्थापित गर्न नसक्नुको प्रमुख कारणहरूमध्ये स्वयं याक्खाहरूमा चेतनाको कमी हुनु पनि हो । धेरै स्थानमा वास्तविक याक्खा जातिका व्यक्तिहरू आफूलाई याक्खा भन्न रूचाउँदैनन् । सङ्ख्यात्मक रूपमा याक्खा जाति सानो सङ्ख्यामा मात्रै भएकाले आफूले याक्खा भन्दा राजनीतिक तथा अन्य सामाजिक क्षेत्रमा अगाडि वढ्न सकिँदैन भन्ने गलत बुझाइको कारणले गर्दा कतिपय याक्खाहरू थाहा पाएर पनि याक्खा हुँ भन्न नसकिरहेको अवस्था देखिन्छ । उनीहरूले याक्खा बाहेक राई र सुब्बा भन्न पाउँदा नै गर्व गर्ने प्रवृत्ति भएको कारणले आफ्नो सामाजिक प्रतिष्ठामा आँच नआवोस् भन्ने गलत सोचाइको कारणले आफूलाई याक्खा भन्न अप्ठ्यारो मान्ने प्रथाको कारणले गर्दा याक्खाहरू दिनप्रतिदिन कमजोर हुँदै गएको पाउन सक्दछौँ । खासगरी धनकुटा जिल्लाको साबिक मुगा, घोर्लीखर्क र चुङ्वाङ भन्ने स्थानहरूमा यस प्रकारका परम्पराहरू रहेका छन् ।

यसबाहेक आधुनिकताको नाममा हाल स्वयं याक्खाहरूद्वारा नै आफ्नो संस्कार र संस्कृतिलाई छोड्ने तथा तोडमोड समेत हुँदै आएको पाइन्छ । खासगरी राई र लिम्बू समुदायसँग याक्खाहरू वर्षौँबाट सँगसँगै बसोबास गरिरहेको हुँदा केही याक्खाहरूले राई संस्कार त केहीले लिम्बू संस्कारको अनुसरण गर्दै आईरहेको पाईन्छ । हाल

आएर आफ्नो संस्कार फरक भएको जानकारी भएता पनि प्राचीन समयदेखिको संस्कार र संस्कृतिले निरन्तरता पाइरहेको छ । त्यस्तैगरी जब कुनै पनि व्यक्तिहरूले आफ्नो थातथलो छोडी नयाँ स्थानमा बसोबास गर्न पुग्दछन्, तब परम्पराले निरन्तरता पाउन कठिन हुन्छ किनकि नयाँ पिढीँले सबै संस्कारहरू जानेका हुँदैनन्, फलस्वरूप काम चलाउनका लागि अरू (उपलब्ध हुने) को संस्कार बिस्तारै अगाल्न पुग्दछन् । हाल याक्खाहरू आफ्नो ऐतिहासिक थातथलो छोडेर विभिन्न तराई र काठमाडौँ उपत्यकामा केन्द्रित भइरहेको विभिन्न सालको जनगणनको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

### *किरात याक्खा छुम्माको निश्क्रियता:*

किरात याक्खा छुम्मा समग्र याक्खा जातिको गौरवशाली एकमात्र मातृ संस्था हो । वि.सं. २०५१ सालमा यसको स्थापना भएपश्चात यसले हालसम्म छैटौँ महाधिवेशन सम्पन्न गरिसकेको र स्थापना भएको २९ औँ बर्ष पूरा गरिसकेको अवस्था छ । समग्र याक्खा जातिको साझा जातीय संस्थाले सानो समुदाय र निश्चित भूगोलमा मात्रै बसोबास गर्दै आइरहेको याक्खा जातिको विकास र उन्नतिका लागि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा धेरै सकरात्मक कार्यहरू गर्न सक्ने अवसर रहँदा रहँदै पनि किरात याक्खा छुम्माले धेरै कार्यहरू गर्न बाँकी रहेको देखिन्छ । शुरूवाती चरणमा याक्खा जातिलाई आदिवासी जनजातिमा सूचीकरण गराउने तथा याक्खा गाउँ बस्तीमा पुगेर विभिन्न अभिमुखीकरण कार्यक्रम गर्दै याक्खा छुम्माको जिल्ला कमिटी र गाउँ कमिटीहरू गठन गर्ने जस्ता कार्यहरू सम्पन्न गरेको थियो । अझ केही प्रकाशनहरू जस्तैः क्यालेन्डर, पुस्तक, स्मारिका आदि समेत प्रकाशन गर्दै आइरहेकोमा विगत केही वर्षदेखि यस प्रकारका कुनै पनि कार्यक्रम तथा प्रकाशनहरू नभएको हुँदा मातृसंस्था निश्क्रिय भएको अनुमान गर्न सकिन्छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, विभिन्न तहका सरकारहरू तथा दर्जनौँ विश्वविद्यालयहरू अस्तित्वमा भए पनि त्यस्ता सङ्घसंस्था तथा विश्वविद्यालय र कुनैपनि तहको सरकारसँग यस संस्थाले सम्बन्ध विस्तार गरी विभिन्न परियोजनाहरू तथा अनुसन्धानमूलक कार्यक्रमहरू सञ्चालन गर्न नसक्नुले पनि निश्क्रिय रहेको प्रष्ट हुन्छ । कुनै सङ्घसंस्थाहरूबाट सहयोग प्राप्त नभएको अवस्थामा समेत आफ्नै स्रोतबाट समेत कुनै पनि प्रकारको अनुसन्धानमूलक कार्य तथा प्रकाशनहरू हुन सकेन ।

यसको अलवा हाल पूर्वी नेपालमा किरात देवान समाजको स्थापना गरी देवानहरू याक्खा होइनौँ भन्ने देवान थरका केही व्यक्तिहरू क्रियाशील रहेका छन् । किरात देवान समाजले केही प्रकाशनहरू समेत गरिरहेका छन् र यस समाजले देवान छुट्टै जाति भएको माग गर्दै आदिवासी÷जनजातिमा सूचीकरणका लागि समेत नेपाल सरकारलाई तीव्र दवाव दिइरहेको छ । यस विषयमा किरात याक्खा छुम्माले किरात देवान समाजसँग छलफल गर्ने, वार्ता समिति बनाउने अथवा अध्ययन टोली बनाउने लगायतका कुनै पनि कार्यहरू नगरेको हुँदा भविष्यमा यसले थप नकरात्मक प्रभाव पार्न सक्दछ । यसले गर्दा आउँदा दिनमा याक्खा जातिको आफ्नो अस्तित्व नै पो लोप हुने होइन रु भन्ने जस्ता प्रश्नहरू उब्जिएका छन् ।

**निष्कर्ष**

नेपालमा प्राचीन समयदेखि नै बसोबास गर्दै आइरहेको याक्खा जाति आदिवासी/जनजातिमा सूचीकरण भएको किरात समुदाय अन्तरगत पर्ने एक जाति हो । याक्खा जातिको ऐतिहासिक थातथलोको रूपमा सङ्खुवासभा जिल्लाको दक्षिणी भाग र धनकुटा जिल्लाको उत्तरी भाग जसलाई प्राचीन कालमा पाँचखपन, पाँचमझिया र दशमझिया थुमहरू भनिन्थ्यो । हाल पनि यिनै दुईवटा जिल्लाहरूमा याक्खा (५८ प्रतिशत) जातिका धेरै मानिसहरू बसोबास गरिरहेको तथ्य पछिल्लो जनगणना २०७८ को तथ्याङ्कबाट प्रष्ट हुन्छ । यी स्थानमा बसोबास गर्ने याक्खा जातिको आफ्नै विशिष्ट भाषा, संस्कार, संस्कृति, चालचलान र प्रथाहरू रहेका छन् यद्यपि हालसम्म पनि धेरैजसो (आम मानिसहरू) ले याक्खा भनेको राई हो कि लिम्बू ? भन्ने प्रश्न गर्ने गर्दछन् । यसले गर्दा याक्खा जातिलाई फरक जातिको रूपमा नेपालभित्रकै धेरैजसो अनुसन्धानकर्ता र लेखकहरूमा जानकारी भएको छैन भने अन्तर्राष्ट्रिय जगतमा त अझ यस जातिको बारेमा जानकारी नै न्यूनमात्रै रहेको छ । नेपालको प्रख्यात मानवशास्त्री तथा समाजशास्त्रीहरू र इतिहासकारहरूले समेत याक्खा जातिको बारेमा कमैले मात्र अध्ययन गरेका छन् । यसले गर्दा याक्खा जातिको बारेमा साह्रै कममात्रै अनुसन्धान तथा प्रकाशन भएको छ । प्रकाशित भएका कतिपय प्रकाशनहरू समेत अनुसन्धानको दृष्टिकोणले बैज्ञानिक अनुसन्धान नहुनु र अङ्ग्रेजीभाषामा नलेखेनुले समेत यस जातिको बारेमा समग्र प्राज्ञिक क्षेत्र अनभिज्ञ रहेका छन् ।

**सन्दर्भसामग्रीसूची**

*आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन* (२०५८), नेपाल कानुन आयोग ।

इन्टरनेसनल लेबर अफिस (२००३), *आइएलओ कन्भेन्सन् अन इन्डिजिनियस एन्ड ट्राइबल पिपल्स*, १९८९ (नं १६९): अ म्यानुअल ।

कोङ्रेन, रामजी (२०६४), *याक्खा जातिको संस्कार र सस्कृति*, किरात याक्खा छुम्मा केन्द्रीय समिति ।

कोङरेन, रामजी (२०६८), *याक्खा जातिको चिनारी*, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र किरात याक्खा छुम्मा केन्द्रीय समिति ।

कोङ्रेन, लीलामान (२०८०), याक्खा जाति: एक अध्ययन, *आदिवासी आवाज*, नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ, बर्ष १ (१), पृ. ७२-७७ ।

चेम्जोङ, इमानसिं (२००३ सन्), *हिस्ट्री एन्ड कल्चर अफ किरात पिपुल* (तेस्रो संस्क.), किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्यालय ।

थापामगर, रामबहादुर (२०७९), आदिवासी जनजातिको राजनीतिक प्रतिनिधित्व: संविधान सभादेखि संसदसम्म, *आदिवासी जनजाति अध्ययन*, बर्ष १ (१),, पृ. १२७-१४१ ।

देवान, चन्द्रमान (२०५६), *याखा कबिलाका किरात लांम्विछोङ खलकको वंशावली* ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६७), *नेपाली बृहत् शब्दकोश* (सातौं संस्क.), कृष्णप्रसाद पराजुली (सम्पा.) ।

नेपाली, गोपालसिं (१९६५ सन्), द *नेवार: एन इथ्नो सोसोलोजिकल स्टडी अफ हिमालयन कम्युनिटी*, युनाइटेट एसिया पब्लिकेसन ।

बिष्ट, डोरबहादुर (२०३०), *सबैजातको फूलबारी*, साझा प्रकाशन।

बिष्ट, डोरबहादुर (१९६७ सन्), *पिपल अफ नेपाल*, रत्न पुस्तक भण्डार।

माबुहाङ, अर्जुनबाबु (२०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास*, हरिश्चन्द्र माबुहाङ र भीम माबुहाङ।

याक्खाराई, दुर्गाहाङ (२०५९), *किरात याक्खाको ईतिहास: एक छलफल*, पैरवी बुक्स एन्ड स्टेसनरी केन्द्र।

याक्खाराई, अर्जुन (२०१० सन्), *नेचर, कल्चर एन्ड अडेप्टेसन अफ द याक्खाज्: एन इकोलोजिकल एन्थ्रोपोलोजिक केश स्टडी*, [अप्रकाशित स्नातकोत्तर तहको शोध प्रबन्ध], त्रिभुवन विश्वविद्यालय, मानवशास्त्र तथा समाजशास्त्र विभाग।

राई, रामचन्द्र (२०६६), *किरातहरूले छाडेका सम्पदाहरू*, मनरानी राई।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), *काष्ट एन्ड इथ्निक रिपोर्ट*, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय।

रस्सेल, एन्ड्र्यु (१९९२ सन्), *द याक्खा: कल्चर, इन्भाईरोमेन्ट एन्ड डिभलपमेन्ट इन इष्ट नेपाल*, [अप्रकाशित विद्यावारिधी शोध प्रबन्ध], अक्फोर्ड विश्वविद्यालय, मानवशास्त्र तथा भूगोल विभाग।

रस्सेल, एन्ड्र्यु (२००४ सन्), ट्राडिसन इन ट्रान्जिसन: संस्कृटाईजेसन एन्ड याक्खाफिकेसन इन इष्ट नेपाल, *हिस्ट्री एन्ड एन्थ्रोपोलोजी*, अङ्क १५, पृ. २५१-२६१। https//doi.org/10.1080/0275720042000257458

रस्सेल, एन्ड्र्यु (२००७ सन्), राइटिङ ट्राभेलिङ कल्चर: ट्राभल एन्ड ईथ्नोग्राफी अमोङ्स्ट द याक्खा इन इष्ट नेपाल, *इथोस*, अङ्क ७२, पृ. ३६१-३८२। https://doi.org/10.1080/00141840701576976

लिंखा, मागमान (२०६६), *याक्खा जाति एक परिचय*, नेपाल लोकतान्त्रिक किरात याक्खा सङ्घ।

लिंखा, टीकाराम (२०१८ सन्), *ट्राडिसन एन्ड चेन्जिङ लाइभ्लीहुड स्ट्राटेजिज अफ याक्खा अफ नेपाल*, लाम्बार्ट अकाडेमिक पब्लिसिङ।

लिंखा, टीकाराम (२०१८ सन्), द याक्खा: चेन्जिङ लाइभ्लीहुड स्ट्राटेजिज (अ स्टडी अफ ट्राडिसनल ल्यान्ड अफ याक्खा), *रूपान्तरण*, अङ्क २, पृ. २२२-२३५।

लिंखा, टीकाराम (२०१८ सन्), आइडेन्टिटी क्राइसिस: अ स्टडी अफ याक्खा कम्युनिटी इन इस्टन नेपाल, *नेति नेति*, अङ्क १, पृपृ.७५-८६।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज : एक अध्ययन* (तेस्रो संस्क.), साझा प्रकाशन।

श्रेष्ठ, शिवकुमार (२०६८), *लिम्बूवानको ऐतिहासिक अध्ययन* (तेस्रो संस्क.), साझा प्रकाशन।

सङ्गौला, नारायणप्रसाद (२०६७), *पल्लो किरातको किपट व्यवस्था*, अम्बिकादेवी सङ्ग्रौला।

सुवेदी, भीमप्रसाद (२००२ सन्), कन्सनट्रेसन अर डाइभर्सिफिकेसन: जिओग्राफी अफ इथ्निक डाइभर्सिफिकेसन इन नेपाल, *पपुलेसन एन्ड डिभलेपमेन्ट इन नेपाल*, अङ्क १०, पृ १०९-१२६।

सूचना तथा सञ्चार मन्त्रालय (२०३१), *मेचीदेखि महाकाली भाग १*, श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय